रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ९ मितिः २०७७/१०/९ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गुल्मी, **लुम्बिनी प्रदेश**

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

सम्बत २०७७ को कार्यविधि नं. ७ *गाउँ कार्यपालिका बाट स्वीकृत* मिति :२०७७/१०/०९

# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः** समाजमा बढ्दै गइरहेको लैंगिक हिंसाको रोकथाम, नियन्त्रण र हिंसाबाट पीडितलाई राहत तथा पुनस्थापना गर्नको लागि लैंगिक हिंसा निवारण कोष स्थापना गर्न वाञ्छनीय भएकोले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रुरुक्षेत्र गाउँ कार्यपालिकाले यो कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (**१) यो कार्यविधिको नाम लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ रहेको छ।

२.यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले रुरुक्षेत्र गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(ग) " पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

(घ)" सञ्चालक समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनुपर्छ।

(ङ)"लैंगिक हिंसा" भन्नाले कार्यस्थल सार्वजनिक स्थल घरपरिवारमा हुने यौनजन्य दुर्व्यवाहार, सामाजिक कुरितीजन्य व्यवाहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

३. **कोषको स्थापनाः (**१) गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) रुरुक्षेत्र गाँउपालिकाबाट प्राप्त रकम,

( ख) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) बिदेशी ब्यक्ति, अन्तराष्ट्रिय संघ सस्था वा सरकारबाट प्राप्त रकम,

( घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषमा रहेको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

४. **कोषको रकम जम्मा गर्नेः** महिला हक हितको संरक्षण तथा लैंगिक हिंसा नियन्त्रण, रोकथामको लागि गाउँपालिकाले बार्षिक रुपमा तोके बमोजिमको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्नेछ।

**५. कोषको उपयोगः** (१) कोषको रकम देहाएको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवासाय गर्नको लागि बिउ (सिड) पूँजीको रुपमा प्रदान गर्न,

(च) पुर्नस्थापना गराउन,

(छ) पीडितको लागी सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका, किशोर, किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा लागेका तथा मानसिक रोगी भई सडकमा आएका ब्यक्तिलाई प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकका अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

**३. कार्यालयलाई रकम उपलब्ध गराउनेः** (१)पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागी सञ्चालक समितिले कोषबाट रकम निकासा दिनेछ।

**८. सञ्चालक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) प्रमुख, इलाका प्रहरी कार्यालय | सदस्य |

(घ) गाउँसभा सदस्य मध्ये  सञ्चालक समितिबाट मनोनित (महिला)

२ जना                                                                                                    सदस्य

(ङ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा रहेका

गैर सरकारी संस्थाहरु मध्ये  सञ्चालक समितिले

तोकेको संस्थाको प्रतिनिधि एक जना                                                    सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख                                                सदस्य - सचिव

(३) उपदफा (२)  को (घ) र (ङ)  बमोजिमको सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ। निजहरुको पुन मनोनयन हुन सक्नेछ |

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**९. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानीय तहमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैंगिक हिंसा हुन नदिनको लागि  स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः (**१) यस दफा बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा  देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा नजिकको अस्पताल सम्म जान आउनको लागि सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत र बास बस्नुपर्ने भए सो बापतको रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरि औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढिमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) पीडित एक्लै भएमा अस्पताल जान नसक्ने अवस्था भई कुरुवा पीडित सँगै जानुपर्ने भएमा कुरुवालाई समेत अस्पतालमा जाँदा आउँदा लाग्ने सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च र बास खर्च उपलब्ध गराईनेछ।

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोबिमर्सका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरि यथार्थ खर्च,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा तथा बस्तु, नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैंया सम्म ,

(च) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैंया सम्म ,

(छ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृती हेरी बढीमा दश हजार रुपैंया सम्म,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पिडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ।

**११.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले दफा १० को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१२.तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागी कोषबाट १०,०००।-( रु. दश हजार) मा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यस्तो रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ।

**१३. थप रकम निकासा माग गर्न सक्ने (**१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ।

**१४. छुट्टै खाता खोल्नु पर्नेः (१)**कोषमा प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ।

(२) उपदफा(१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको दस्तखतबाट हुनेछ।

**१५. कोषको लेखा र लेखापरीक्षणः (**१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परिकक्षकबाट हुनेछ।

**१६. आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भिङ) कोषको रुपमा रहनेछ।

**१७. प्रतिवेदन पेश गर्नेः (**१) सञ्चालक समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

**१८. बैठक भत्ताः** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँकार्यपालिका सदस्यले बैठक भत्ता बापत पाउने रकम बराबरको रकम बैठक भत्ता वापत पाउनेछन्।

**१९. निर्देशन दिन सक्नेः (**१) गाउँकार्यपालिकाले सञ्चालक समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२० **बचाउः** (१) लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ बन्नु अघि भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मिति :२०७७/१०/०९

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत